# नीतिगत निर्णयहरु

१. झलारीपिपलाडी नगरपालिकाका कार्यकारी अधिकृत श्री रघुनाथ अवस्थीज्यु बाट स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा ९४(१)क र दफा १३० वमोजिम झलारीपिपलाडी नगरपालिकाको गत आ.व.२०७२।७३ को यथार्थ वार्षिक आय व्यय विवरण, चालु आर्थिक वर्ष २०७३।०७४ को मंसिर मसान्त सम्मको यथार्थ आय व्यय विवरण, चालु आर्थिक वर्ष २०७३।७४ को संसोधित आय व्यय विवरण र आगामि आर्थिक वर्ष २०७४।०७५ को वार्षिक आय व्यय अनुमान विवरणहरु, वार्षिक योजना तथा कार्यक्रमहरुको विवरण सहितको नगर विकास योजना एवं वजेट वक्तव्य मार्फत प्रस्तुत हुने नीति र कार्यक्रमहरु पारित गरियो ।

२. यस नगरपालिका कार्यालयको लागि श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयवाट प्राप्त संगठनात्मक संरचनाको सिमा भित्र रही नेपाल सरकारवाट खटाईने निजामती कर्मचारी र स्थानीय निकायका कर्मचारीहरुको यस अघिको परिषदवाट स्विकृत प्रशासनिक तथा प्राविधिक पदको दरवन्दी निम्नुसार परिमार्जन गर्ने निर्णय गरियो ।

**दरवन्दी विवरण**

| सि.नं. | पदनाम विवरण | तह | दरबन्दी संख्या |
|---|---|---|---|
| १ | कार्यकारी अधिकृत | रा.प.तृतिय अप्राविधिक | १ |
| २ | सिभिल इन्जिनियर | अधिकृत स्तर छैठो तह (प्राविधिक) | १ |
| ३ | लेखापाल | रा.प.अन. प्रथम | १ |
| ४ | सहायक स्तर | सहायक स्तर पाँचौ तह (अप्राविधिक) | ३ |
| ५ | सव इन्जिनियर | सहायक स्तर पाँचौ तह (प्राविधिक) | २ |
| ६ | अ.स.इन्जिनियर | सहायक स्तर चौथो तह (प्राविधिक) | २ |
| ७ | सहायक स्तर | सहायक स्तर चौथो तह (अप्राविधिक) | ६ |
| ८ | सहायक स्तर कम्प्यटुर अपरेटर | सहायक स्तर चौथो तह (अप्राविधिक) | १ |
| ९ | अमिन | सहायक स्तर चौथो तह (प्राविधिक) | १ |
| १० | हलुका सवारी चालक | श्रेणी विहिन | १ |
| ११ | हेभि सवारी चालक व्याकहो लोडर | श्रेणी विहिन | १ |
| १२ | हेभि सवारी चालक टिप्पर चालक | श्रेणी विहिन | १ |
| १३ | हेभि सवारी चालक (दमकल) | श्रेणी विहिन | १ |
| १४ | कार्यालय सहयोगी | श्रेणी विहिन | ४ |
| | जम्मा | | २६ |

Jhalaripipaladi Municipal Office

३. साविकका झलारी र पिपलाडी गाउ विकास समितिहरुमा  सेवा करारमा नियुक्त भई हाल यस कार्यालयमा सेवा करारमा कार्यरत कर्मचारीहरु, नगरपालिकावाट सेवा करारमा नियुक्त भएका कर्मचारीहरु र स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अर्न्तगत कार्यरत कर्मचारीहरुको सेवा करार म्याद थप गर्ने अधिकार नगरपालिका वोर्डलाई प्रत्यायोजन गर्ने र सेवा करारमा कार्यरत कर्मचारीहरुको हालसम्म भुक्तानी गरिएको तलव भत्ताको रकम अनुमोदन गर्ने निर्णय पारित गरियो ।

४. दोस्रो नगरपरिषदको निर्णय नम्वर ४ मा उल्लेखित कर्मचारीहरु मध्ये सि.न.८ का कर्मचारी वाहेक अन्य कर्मचारीहरुलाई उपलव्ध गराउदै आएको स्थानिय निकाय सहुलियत भत्तालाई निरन्तरता दिने निर्णय पारित गरियो ।

५. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६० उपनियम १ को खण्ड (व) अनुसार यस कार्यालयमा कार्यरत कर्मचारीको आ.व. २०७३/०७४ को बार्षिक तलबी प्रतिवेदन समर्थन गरी आगामी आ.व. २०७४/०७५ को लागी प्रस्तावित तलबी प्रतिवेदन पारित गर्ने निर्णय गरियो ।

६. नगरपालिका काममा सहजताका लागि वस्ने सर्वदलिय/सर्वपक्षिय वैठकमा उपस्थित पदाधिकारीहरु र राजश्व परामर्श समितिका वैठकका पदाधिकारीहरु, वोलपत्र खोल्दा गठन हुने समितिको वैठकका पदाधिकारीहरु र वोलपत्र मुल्यांकन समितिमा पदाधिकारीहरुलाई प्रति वैठक रु.१०००।०० मात्र वैठक भत्ता उपलव्ध गराउने निर्णय पारित गरियो

७. नगरपरिषदबाट देहायबमोजिको अधिकार नगरपालिका बोर्डलाई प्रत्यायोजन गर्ने निर्णय पारित गरियो ।

क) स्वीकृत बार्षिक नगरविकास कार्यक्रम तथा बजेटलाई औचित्य र आवश्यकताको आधारमा सामान्य संशोधन, थपघट वा हेरफेर गर्ने ।

ख) नगरपालिका श्रोतहरूको सम्भावनाको आधारमा राजश्व परमर्शको समितिको सिफारिसमा कर, दस्तुर, महसुल, शुल्कमा संशोधन तथा हेरफेर गर्ने वा नयाँ क्षेत्र पहिल्याइ कर कायम गर्ने ।

ग) नगरपालिकाको तर्फबाट लक्षित बार्षिक कार्यक्रमको उद्देश्य पुरा हुनेगरि सहयोगी दातृनिकाय एवं साझेदार संघसंस्थाहरूसँग द्विपक्षीय, बहुपक्षीय सम्झौता एवं समझदारी गर्ने ।

घ) कर्मचारी कल्याणकोष संचालन निर्देशिका लगायतका आवश्यक निर्देशिका विनियम कार्यविधिहरू तयार गरी गराई स्वीकृत गर्ने ।

ङ) स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १३५(२) वमोजिम झलारीपिपलाडी नगरपालिकाको  आर्थिक वर्ष २०७३।०७४ को अन्तिम लेखा परीक्षण गर्नका लागि लेखापरीक्षकको छनौट/ नियुक्ति गर्ने ।

च). झलारीपिपलाडी न.पा. वडा २ झारखण्डी ताल, वडा नम्वर १ सिद्वनाथ वैजनाथ मन्दिर भित्र रहेको ताल तलैयाहरू र आगामि आर्थिक वर्ष २०७४।०७५ मा त्यस्ता ताल तलैयाहरूलाई ठेक्का वन्दोवस्त गरि राजश्व संकलन गर्ने अधिकार नगरपालिका वोर्डलाई प्रत्यायोजन गर्ने ।

Jhalaripipladi mun Office

छ) नगरपालिका क्षेत्र भित्र नगरपालिका आफैले वनाएको वा हस्तातन्रण भई आएका राजमार्ग र सहायक मार्गहरू वाहेक सम्पुर्ण सडकहरूमा स्थानीय स्वायत्त शासन नियमावली २०५६ को अनसुचि ११ मा उल्लेखित दरको परिधी भित्र रही पटके सवारी कर लगाउने निर्णय नगरपालिका वोर्ड लाई अधिकार प्रत्यायोजन गर्ने ।

ज) यस नगरपालिका क्षेत्र भित्र रहेका श्रोतहरूको पहिचान तथा श्रोत नक्सांन गर्ने कार्यका लागि अधिकार नगरपालिका वोर्डलाई प्रत्यायोजन गर्ने ।

८. आ.व. २०७४/७५ देखि नगरपालिका क्षेत्र भित्र एकिकृत सम्पत्ति कर लगाउने निर्णय गरियो । सो सम्बन्धमा आवश्यक सहयोगका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, राजश्व परिचालन शाखालाई अनुरोध गर्ने निर्णय गरियो ।

९. स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ को उपनियम (१) र (३) बमोजिम आगामि ५ बर्ष भित्र नगरपालिकाको दोहोरो स्रेष्ता प्रणालीमा आधारित प्रोदभावी लेखा प्रणाली (Accural Accounting System० लागु गर्ने र सो सम्बन्धमा आवश्यक सहयोगका लागि श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, आर्थिक प्रशासन शाखालाई अनुरोध गर्ने निर्णय गरियो ।

१०. यस झलारीपिपलाडी नगरपालिकामा बालमैत्री स्थानीय शासन (Child friendly Local Governance CFLG) र वातावरण मैत्री स्थानीय शासन (Environment Friendlyn Local Governance EFLG), कार्यक्रम संचालनमा सहयोग गरिदिन नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई अनुरोध गर्ने निर्णय पारित गरियो ।

११. स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ परिच्छेद ४ को बुदां नं. ३१ मा भएको व्यवस्था अनुसार प्रत्येक आ.व.को बार्षिक कार्यान्वयन कार्यतालिका स्वीकृत गरी स्वीकृत कार्यतालिका बमोजिम योजना तथा कार्यक्रमहरु संचालन गर्नु पर्ने भएकोले आ.व. २०७४/०७५ मा संचालन हुने भौतिक पूर्वाधार सम्बन्धी आयोजनाहरुको बार्षिक कार्यान्वयन तपशिल अनुसारको कार्यतालिका स्वीकृत गर्ने निर्णय पारित गरियो ।

## बार्षिक कार्यतालिका आ.व. २०७४/०७५

| सि.नं | कार्य विवरण | महिना | | | | | | | | | | | | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | श्रावण | भाद्र | असोज | कार्तिक | मंसिर | पौष | माघ | फागुन | चैत्र | बैशाख | जेष्ठ | असार | |
| १ | आयोजनाहरु को मार्ग, छनौट र निर्णय | | | | | | | | | | | | | |
| २ | आयोजनाहरुको सर्भे, डिजाइन तथा लागत इष्टिमेट तयार गर्ने | | | | | | | | | | | | | |
| ३ | कार्यक्रम पेश तथा स्वीकृती | | | | | | | | | | | | | |
| ४ | आयोजनाहरु को कार्य संचालन | | | | | | | | | | | | | |
| ५ | आयोजनाको अनुगमन तथा | | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जाँचपास तथा फरफारक | | | | | | | | | | | | | |

१२. यस झलारीपिपलाडी नगरपालिकाको आन्तरिक राजश्व परिचालनको कार्यको सदुढ गराउनको लागि वहाल कर,सवारी कर, व्यवसाय कर उठाउने कार्यमा सहयोगका लागि आन्तरिक राजश्व कार्यालय महेन्द्रनगर,कन्चनपुर, यातायात व्यवस्था कार्यालय महेन्द्रनगर कन्चनपुर,यातायात व्यवसायी संघ, वाणिज्य कार्यालय, घरेलु तथा साना उद्योग कार्यालय र झलारीपिपलाडी उद्योग वाणिज्य संघ संग समन्वय गर्ने निर्णय पारित गरियो ।

१३. नगर क्षेत्र भित्रका उधोग, व्यवसाय पशल आदि सम्पुर्णलाई करको दायरामा ल्याउन दर्ता तथा नविकरण कार्यका लागि घरदैलो अभियान संचालन गर्ने निर्णय पारित गरियो ।

१४. विकास निर्माण लगायत सम्पुर्ण काममा सवैको सक्रिय सहभागिता भए मात्र गति लिन सक्छ । निरन्तर ईमान्दार लगनशिलरुपमा काम गर्ने कर्मचारीलाई हौसला प्रदान गर्न सके यसवाट उनिहरुको अझ जोश र जागरमा वृद्धि भई समग्ररुपमा नगरपालिकाकै काम कारवाहिमा सकारात्मक परिवर्तन आउने हुदा उत्कृष्ट काम गर्ने कर्मचारी/निर्माण व्यवसायि /उपभोक्ता समितिहरु मध्ये पुरस्कार समितिको सिफारिशका आधार व्यक्ति/संस्थालाई पुरस्कृत गर्ने निर्णय पारित गरियो ।

१५. स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २१५ र २१८ वमोजिम यस नगरपालिका क्षेत्र भित्रका प्राकृतिक श्रोत साधनहरुको विक्रि वितरण वाट जि.वि.स. कन्चनपुर लाई प्राप्त हुने रकमको ४५ प्रतिशत रकम यस नगरपालिकाको खातामा नगदै उपलव्ध हुने व्यवस्थाको लागि अनुरोध गर्ने निर्णय गरियो ।

१६. स्थानीय स्वायत्त शासन नियमावली २०६४ को नियम ११८ (क) बमोजिम गठित झलारीपिपलाडी नगरपालिकाको नगरस्तरिय राजस्व परामर्श समितिवाट सिफारिश भएका अनुसूचि ३ अनुसारको करका दरहरु पारित गर्ने निर्णय गरियो ।

१७. नगरपालिकाको गुरुयोजना विना व्यवस्थित सहर निर्माण हुन नसक्ने भएकोले श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई र श्री सहरी विकास मन्त्रालय र अन्य सम्बन्धित निकायहरुसंग समन्वय गरि नगर गुरुयोजना निर्माण गर्ने निर्णय पारित गरियो ।

१८. भवन **निर्माण तथा योजना मापदण्ड २०७२** कडाईका साथ लागु गरिनेछ । मापदण्ड वमोजिम भवन निर्माण भए नभएको अनुगमन गरि नगरपालिकावाट स्वीकृती नलिई वा मापदण्ड अनुसार निर्माण नगरिएका भवनहरुमा खानेपानी/विधुत/टेलिफोन लगायतका सेवाहरुका लागि नगरपालिकावाट प्रवाह गरिने सेवा संग आवद्ध गरि सिफारिशहरु नहुने निर्णय पारित गरियो ।

१९. नगर क्षेत्रमा रहेका नियमानुसार बनेका तर नक्सा पास नभएका पूराना घरलाई नक्सापासको प्रकृयामा ल्याउन एक पटकलाई नियमानुसार जरिवाना लिई दुई तला सम्मका लागि नक्सापास गरिने कार्यलाई निश्चित समयका लागि सूचना जारी गरि नक्सापास गर्ने निर्णय पारित गरियो

२०. आ.व. २०७२।०७३ मा श्री ईकोकोड नेपाल र यस कार्यालय विच झलारीपिपलाडी नगरपालिको नगर यातायात गुरुयोजना ( MTMP ) का लागि भएको सम्झौता अनुसार झलारीपिपलाडी नगरपालिको नगर यातायात गुरुयोजना ( MTMP ) निर्माण भई श्री संघीय मामिला तथा स्थानीय विकाश मन्त्रालय पुर्वाधार तथा प्राविधिक विकाश शाखा सिहदरवार काठमाण्डौको

प.स. २०७३।०७४ च.न.११३ मिति २०७३।०७।०७ को पत्रवाट सहमती प्राप्त भएको झलारीपिपलाडी नगरपालिको नगर यातायात गुरुयोजना (MTMP) स्विकृत गर्ने निर्णय गरियो ।

२१. झलारीपिपलाडी नगरपालिकाको विपद जोखिम व्यवस्थापन योजना निर्माणका लागि निड्स नेपाल ,NNSWA कन्चनपुर र यस नगरपालिका विच भएको त्रिपक्षिय सम्झौता अनुसार विपद जोखिम व्यवस्थापन योजना – २०७३ स्विकृत गर्ने निर्णय गरियो ।

२२. झलारीपिपलाडी नगरपालिकाको आय श्रोतहरुको पहिचान,राजश्व सम्भाव्यता अध्ययन तथा विश्लेषण, प्रक्षेपण र कार्ययोजना निर्माणका लागि दिगो विकाश अध्ययन अनुसन्धान तथा परामर्श केन्द्र कन्चनपुर विच भएको द्विपक्षिय सम्झौता अनुसार आय श्रोतहरुको पहिचान,राजश्व सम्भाव्यता अध्ययन तथा विश्लेषण, प्रक्षेपण र कार्ययोजना –२०७३ स्विकृत गर्ने निर्णय गरियो

२३. झलारीपिपलाडी नगरपालिका कार्यालयवाट निर्माण गरिएका कर्मचारी कल्याण कोष संचालन निर्देशिका २०७३, मर्मत सम्भार विशेष कोष संचालन निर्देशिका र कर्मचारी प्रशासन तथा कार्यविवरण विनियामवली २०७३ स्विकृत गर्ने निर्णय गरियो ।

२४. आ.व. २०७२।०७३ मा यस कार्यालयमा कार्यालय सहयोगि पदमा कार्यरत कर्मचारी श्री सवारीलाल डगौरालाई निजले सम्पादन गरेको काम, अनुशासन तथा समयपालनका आधारमा उत्कृष्ट कर्मचारी पुरस्कृत गर्ने निर्णय गरियो ।

२५. आ.व.२०७२।०७३ मा नगरपालिकावाट संचालित योजनाहरु मध्ये उत्कृष्ट कार्य गर्ने तपशिलका उपभोक्ता समितिहरुलाई पुरस्कृत गर्ने कार्य निर्णय गरियो ।
क) कसरौल सडक ग्राभेल उपभोक्ता समिति ( वडा न.६ ) प्रथम
ख)वनसमिति देखी कसरौल सडक ग्राभेल उ.स. ( वडा न.६ ) द्वितिय
ग)वडा न. ६ सिमाना देखी गणेश ऐर घर हुदै जाने सडक ग्राभेल उ.स. वडा न. ७ तृतिय
घ) वडा न. २ को भागिराम दोकान देखी दक्षिण जाने सडक ग्राभेल उ.स. (वडा न.२) सान्त्वना
ड) वडा नम्वर १० राजमार्ग उत्तर जव्दा जाने सडक ग्राभेल उ.स. ( वडा न. १० ) सान्त्वना

२६. झलारीपिपलाडी नगरपालिका नगरवस्तुगत विवरण ( Municipal Profile )२०७३ स्विकृत गर्ने निर्णय गरियो ।

२७. आर्थिक वर्ष २०७२।०७३ को जिन्सी निरिक्षण प्रतिवेदनमा औल्याइएको सझावहरुलाई नगरपालिकाले कार्यान्वयन गर्ने गरी निर्देशन गर्दै सो प्रतिवेदन पारित गर्ने निर्णय गरियो । कार्यालयको जिन्सी शाखामा रहेको टुटेफुटेका काम नलाग्ने सामाग्रीहरुको नियमानुसार लिलामी प्रक्रिया अगाडि बढाउन नगरपालिकालाई निर्देशन दिने निर्णय पारित गरियो ।

२८. स्थानीय स्वायत्त शासन २०५५, नियमावली २०५६ तथा स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ बमोजिम पुंजीगत अनुदानबाट आयोजना तथा कार्यक्रम व्यवस्थापनका लागि कन्टीजेन्सी बाफत कट्टा गरी खर्च गरिने रकमको कन्टेजेन्सी योजना तयार गरी सोही अनुरुप खर्च गर्न नगरपालिकालाई निर्देशन दिने निर्णय पारित गरियो ।

२९. आ.व. २०७२।०७३ मा नगरपालिकाबाट कार्यान्वयन गरिएका र प्रचलित कानून बमोजिम प्राविधिकको कार्य सम्पन्न प्रतिवेदनका आधारमा भुक्तानी समेत भइसकेका योजनाको जाँचपास सम्बन्धि निर्णय अनुमोदन गरी फरकफारक गर्ने निर्णय पारित गरियो ।

३०. नगरपालिकाको आर्थिक २०७२।०७३ को अन्तिम लेखापरीक्षण प्रतिवेदन आजको बैठकमा पेश भै छलफल गरियो । उक्त लेखापरिक्षण प्रतिवेदनले औल्याएका सुझावहरुलाई कार्यान्वयन गर्न नगरपालिकालाई निम्न निर्देशनहरु दिने निर्णय पारित गरियो ।

३१. आ.व.२०७२।०७३ अन्तिम लेखा परीक्षण प्रतिवेदनमा औल्याइएको स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ३४ भएको व्यवस्था अनुसार नगरपालिका कर शुल्क दस्तुर सेवा शुल्क र भाडावाट उठाएको कुल रकमको अधिकमतम ४० प्रतिशत हुन आउने रकम भन्दा वढी खर्च गरेको रु.७,६९,४७१।८८ र आ.व.२०७२।०७३ मा नगरपालिकाले मालपोत शिर्षकमा उठाएको रकमको २५ प्रतिशलते हुन आउने रकम रु.१,०८,४३७।३३ नियमित गर्ने र वेरुजु न्युन गर्न तपशिल अनुसार निर्देशन दिने निर्णय गरियो ।

(क) अन्तिम लेखा परीक्षण प्रतिवेदनले औल्याएका बेरुजु रकम मध्ये असुल गर्नुपर्ने रकम तत्कालै असुल गर्ने, नियमित गर्नुपर्नेको हकमा प्रमाण कागज संकलन गरी गराई सम्परीक्षण गर्ने गराउने प्रकृया अगाडी बढाई बेरुज शुन्य बनाउने ।

(ख) पेश्की बेरुजुको असुल तथा फछ्र्यौटको कारबाहीलाई उच्च प्राथमिकता राखी कार्ययोजना सहित अगाडि बढने ।

(ग) आइन्दा बेरुजु नआउने गरी आर्थिक कारोबार गर्न ध्यान दिने ।

(घ) पेश्की माथि पेश्की नदिने, पेश्की दिने कार्यलाई पूर्णतः निरुत्साहित गर्ने ।

३२. स्थानीय निकाय (आर्थिक प्रशासन नियमावली २०६४ को नियम ६२ (१) बमोजिम रु. १० करोड भन्दा बढी खरिद गर्नु पर्ने अवस्था झलारीपिपलाडी नगरपालिकामा हाल नरहेको र यस नगरपालिकाका लागि स्थानीय निकाय, आर्थिक प्रशासन नियमवली २०६४ को नियम ६२ (५) बमोजिम यस आ.व. २०७३/०७४ मा लागि खरिद गर्नु पर्ने सामान एवं कार्यक्रमको हकमा तयार भै पेश भएको बार्षिक खरिद योजनालाई स्वीकृत प्रदान गर्ने निर्णय पारित गरियो ।

३३. यस झलारीपिपलाडी नगरपालिकाले आफ्नो नगर क्षेत्र भित्र सरकारी तथा सार्वजनिक भवन निर्माणको लागि अनुमति प्रदान गर्दा अर्थात नक्सा पास गर्दा अपांग मैत्री भए मात्र पास गर्ने अनिवार्य व्यवस्था मिलाउने निर्णय पारित गरियो ।

३४. एसियाली विकास बैंक (ADB) को सहयोगमा क्षेत्रिय शहरी विकास आयोजना अर्न्तगत यस झलारीपिपलाडी नगरपालिकामा पहिलो चरणका लागि छनौट भएका आयोजनाहरुको यथाशिघ्र कार्यान्वयनका लागि  सम्वन्धित निकायलाई अनुरोध गर्ने निर्णय गरियो ।

३५. झलारीपिपलाडी नगरपालिकाको आर्थिक, सामाजिक विकासमा महत्वपुर्ण योगदान राख्ने वनसमिति –कालापानी–पिताम्वर–पारिफाटा–वेल्डाडी–कलुवापुर–दिपनगर–गणेशपुर–तल्लो चौराहा–रानिपुर–जोनापुर–पिपलाडी – खजुवा–गर्जमुनि रिङ्गरोड निर्माणका लागि आवश्यक वजेट व्यवस्थाका लागि श्री भौतिक योजना तथा निर्माण मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

३६. झलारीपिपलाडी नगपालिका वडा नम्वर ५ सशस्त्र प्रहरी वल शैलेश्वरी गण दक्षिण नगरपालिकाको स्वामित्वमा रहेको ऐलानी/पर्ति जग्गामा भौतिक पुर्वाधार सहितको सुविधायुक्त कल्भर्डहल निर्माण सहितको खेलकुद मैदान निर्माण लागि श्री युवा तथा खेलकुद मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

३७. झलारीपिपलाडी नगरपालिका वडा नम्वर ८ मा रहेको मुडकाधाम ऐतिहासिक,पर्यटकिय दृष्टिकोणले महत्वपुर्ण  भएको हुदा उक्त क्षेत्रको गुरुयोजना निर्माण गरि पर्यटकिय क्षेत्रको विकासका लागि (सडक/वत्ति/भौतिक पुर्वाधार ) आवश्यक वजेट व्यवस्थाका लागि श्री सस्कृती तथा पर्यटन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

३८. झलारीपिपलाडी नगरपालिकाको पुर्वमा सुनवरा पश्चिममा स्याली नदीका कारण वर्षेनि खेतियोग्य जमिन कटानी भई सो आशपाशका वस्ति विस्थापित हुने अवस्था भएका कारण श्री जनताको तटवन्ध कार्यक्रम अर्न्तगत सुनवरा र स्याली नदी नियन्त्रणको गुरुयोजना निर्माण गरि

कार्यान्वयनका लागि आवश्यक वजेट व्यवस्थाका लागि श्री सिचाई मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

३९. झलारीपिपलाडी नगरपालिकाको भौतिक संरचना लगायत वसपार्क,सार्वजनिक पार्क उधान,खेलकुद मैदान निर्माण गर्नका लागि आफ्नो स्वामित्वमा जग्गा जमिन नभएकोले वडा नम्वर ११ कलुवापुर चौरहा दक्षिण पूर्वमा रहेको वसन्त सामुदायिक वन नजिक खाली रहेको जग्गा जमिन नगरपालिकाको स्वामित्वमा ल्याउन दोस्रो नगरपरिषदवाट निर्णय भई श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा आवश्यक कागजात सहितको फाईल पेश भएकोमा उक्त क्षेत्रलाई नगरपालिकाको स्वामित्वमा ल्याउन आवश्यक प्रक्रियाका लागि श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

४०. झलारीपिपलाडी नगरपालिकाकामा १५ शैयाको सुविधायुक्त अस्पताल स्थापनाका लागि आवशयक वजेट व्यवस्थाका लागि श्री स्वास्थ्य मन्त्रालयलाई  अनुरोध गर्ने निर्णय गरियो ।

४१. आर्थिक वर्ष २०७२।०७३ को प्रगति समिक्षा प्रतिवेदन ग्रहण गरी प्राप्त सुझावहरु कार्यान्वय गर्ने निर्णय पारित गरियो ।

४२. न्यूनतम शर्त तथा कार्य सम्पादन मापन (MCPM) लाई बढी भन्दा बढी नतिजामूलक बनाउने नीति अबलम्बन गरी सोही अनुरुपका क्रियाकलापहरु सञ्चालन गर्ने निर्णय पारित गरियो ।

४३. नगरपालिका क्षेत्र भित्रमा कार्यरत विभिन्न गैर सरकारी संघ सस्थाहरु संग यस नगरपालिकाको सामाजिक विकाश शाखा मार्फता आफ्ना कार्यक्रम संचालनका लागि अनुरोध गर्ने निर्णय पारित गरियो ।

४४. नगरपालिका कार्यालयवाट विभिन्न किशिमका तालिम तथा गोष्ठीहरु संचालन गर्दा नगरपालिका क्षेत्रमा १ सेसन १:३० घण्टा सम्मको रु.१५००।००(नियमानुसार कर कट्टी) प्रशिक्षक भत्ता उपलव्ध गराउने तथा अन्यको हकमा स्विकृत प्रस्ताव वमोजिम गर्ने निर्णय गरियो ।

४५. चालु आर्थिक वर्ष २०७३।०७३४ को प्रथम चौमासिकको सार्वजनिक सुनवाई सम्वन्धी प्रतिवेदन पारित गर्ने निर्णय गरियो । उक्त प्रतिवेदनमा औल्ल्याइएको कमिकमजोरीहरुलाई सुधार गर्न नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

४६. झलारीपिपलाडी नगरपालिका क्षेत्र भित्र रहेका स्वास्थ्यलाई प्रतिकुल अशर पर्ने खालका वस्तुहरुको उपभोग तथा वेचविखनमा रोक लगाउनुको साथै कालो वजारी नियन्त्रण गर्ने सम्वन्धमा सरकारी निकाय,उपभोक्ता हित संरक्षण मञ्च, उधोग वाणिज्य संघ र सम्वन्धित सरोकारवाला निकायहरु संग समन्वय गरी आवश्यक कार्य गर्ने निर्णय पारित गरियो ।

४७. फोहरमैला व्यवस्थापनका लागि श्री संघिय मामिला तथा स्थानीय विकाश मन्त्रालयको निर्देशन वमोजिम निजि संस्थाहरुसंग समन्वय गरि **PPP** को अवधारण अनुरुप साझेदारीमा गर्ने निर्णय गरियो ।

४८. माथि उल्लेखित निर्णयहरु वाहेक प्रथम र दोस्रो नगर परिषदवाट पारित गरिएका नितिगत निर्णयहरु थपघट हेरफेर नभएका निर्णयहरु कार्यान्वयन यथावतरुपमा कायमै रहने निर्णय पारित गरियो ।

४९. झलारीपिपलाडी नगरपालिका अर्न्तगत सामाजिक सुरक्षा शाखावाट तयार पारिएको सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहिहरुको नामावली र सख्या अनुमोदन गर्ने निर्णय गरियो र श्री संघयि मामिला तथा स्थानीय विकाश मन्त्रालयले निर्देशन गरेको अवधी भित्र सम्वन्धित

Jhalaripipaladi mun Office

**लाभग्राहिरुले वैकिङ्ग प्रणालिवाट सहज रुपमा सामाजिक सुरक्षा भत्ता पाउने व्यवस्थाका लागि नगरपालिकालाई निर्देशन दिने निर्णय पारित गरियो ।**

५०. **निडस कन्चनपुर, वेस कन्चनपुर, NNSWA** कन्चनपुर, नेपाल रेडक्रस सोसाईटि कन्चनपुर र जागरुक ससमाजको सृजना गैर सरकारी संस्थावाट यस नगरपालिका क्षेत्र भित्र संचालन गरिने कार्यक्रम तथा वजेट स्विकृत गरी नगरपालिका वोर्डमा पेश गर्ने निर्णय पारित गरियो ।

Jhalaripipaladi mun Office